मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १५३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख २० गते शनिवार (Saturday, May 2. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



बच्चाको मन भुलाउन आमाले ढुंगा पकाएपछि... :पृष्ठ ३



**झापाको बुद्धशान्ति–६ शन्तिनगरमा सुपारी संकलन गर्दै कृषि मजदुर :** यतिवेला लकडाउनले कृषि उत्पादनलाई बजारीकरण गर्न नसकिएर बारीमा कुहिने अवस्था भइरहेकोमा झापाका सुपारी कृषकलाई भने लकडाउनले कुनै असर पारेको छैन । गाउँ-गाउँमा सुपारी प्रशोधन केन्द्रहरू नियमित रूपमा सञ्चालनमा आइरहेका छन् । यस बर्ष काँचो सुपारी प्रतिकिलो ३० देखि ४० रूपैयाँसम्म बिक्री हुँदै गरेको छ । **तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल**

# विदेशबाट १० लाख नेपाली फर्कने !

**झापा, बैशाख १९।** कोरोना भाइरसका कारण वैदेशिक रोजगारीमा रहेका झण्डै २० लाख नेपाली श्रमिकको रोजगारी गुम्ने अनुमान गरिएसँगै सरकारले उनीहरुलाई स्वदेशमै रोजगारीको अवसर खोजी भइरहेको बताएको छ ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाँलले विदेशबाट रोजगारी गुमाएर फर्कनलेका लागि कहाँ, कस्ता र कति रोजगारी सिर्जना गर्न सकिन्छ भनेर विभिन्न मन्त्रालयहरुले गृहकार्य गरिरहेको बताए ।

श्रम रोजगार पत्रकार समूहले आयोजना गरेको कोभिड -१९ पछि रोजगारीको क्षेत्रमा पर्ने दवाव र आन्तिरिक रोजगारी वृद्धिका क्षेत्रहरुका विषयमा सरोकारवालासँगको छलफलमा आयोगका सदस्य फुयाँलले यस्तो बताएका हुन् ।

कोरोना भाइरसका कारण अर्थतन्त्रमा ठूलो असर पर्ने र वैदेशिक रोजगारीमा रहेका झण्डै २० लाख नेपाली श्रमिकको रोजगारी गुम्ने अनुमान रहेको उनले बताए । उनले यो समयमा सरकारले आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखेर योजना बनाइरहेको जानकारी दिए ।

उनले भने - कृषिमा अपार सम्भावना छ, विदेशबाट फर्कनलाई कसरी लगाउने, यसलाई कसरी व्यवसायिक रुपमा अघि बढाउने भनेर हामीले योजना बनाइरहेका छौं । फुयाँलले भने-कृषिमा पनि बिचौलियाको अन्त्य गर्दै, कृषकको उत्पादन सिधै बजारसम्म पुऱ्याउने हुन सक्छ कि अथवा कृषिमा पनि आधुनिक रुपले अघि बढाउन सकिन्छ, त्यसतर्फ काम भइरहेको छ ।

उनले भने- 'अहिले जुनसुकै सरकार भए पनि गर्ने भनेको नागरिकलाई बचाउने काम हो । त्यो भनेको उनीहरुको जीविकालाई पनि बचाउनुपर्ने हुन्छ । जनजीविकाको बचाउ भनेको रोजगारी र आफ्नो सीप, क्षमता आदिको प्रयोगलाई बचाउने भनेको हो । सरकार त्यसैका लागि काम गर्दैछ ।'

(बाँकी अन्तिम पृष्ठमा)



लकडाउन अवधिमा भारतमा अलपत्र परेका नेपाली उद्धारपछि गाउँ फर्किदै । सरकारले दार्चुलाका दुई वटा नाकाबाट एक हजार २९० जनालाई उद्धार गरेपछि सम्बन्धित स्थानीय तहको क्वारेन्टाइनमा राख्ने गरी गाउँ पठाएको छ । **तस्वीर : नरेन्द्रसिंह कार्की/रासस**

# चामल पुग्यो, वितरणमा रोक

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, बैशाख १९।** गत हप्ता ताप्लेजुङको खाद्य संस्थानमा चामल सकिएको एक हप्तामा एक हजार क्वीटल चामल ताप्लेजुङ आइपुगे पनि र जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ र खाद्य संस्थान ताप्लेजुङको समवन्य भएपछि तत्कालका लागि विक्री वितरण गर्न रोक गर्ने निर्णय गरेको छ ।

लकडाउन भएपछि खाद्य संस्थानमा चामलको माग बढेकोले यस आर्थिक वर्षको एक हजार क्वीन्टल चामल गत हप्तामै सकिएको र अहिले आएको चामल आर्थिक वर्ष ०७७/०७८ को लागि आएकोले तत्काल विक्रीवितरण नगर्ने जिल्ला प्रशासन र खाद्य संस्थाबीच सहमति भएको ताप्लेजुङका खाद्य संस्थानका कार्यालय प्रमुख तुलमाया लोवारले जानकारी दिइन् ।

ताप्लेजुङ जिल्लाको लागि दुई हजार क्वीन्टल कोटा भएको अहिले काटिएर एक हजार क्वीन्टल कोटा मात्र आएकाले जिल्लामा पुऱ्याउ नै मुस्किल भएको लोवाले बताइन् । आपत्कालीन समय तथा जिल्ला प्रशासनको सिफारिसमा मात्र विक्री

(बाँकी अन्तिम पृष्ठमा)

# रानुदेवीको निधन



**काठमाडौं, बैशाख १९।** रेडियो नेपालकी प्रथम गायिका एवम् प्रजातन्त्र सेनानी रानुदेवी अधिकारीको ८६ वर्षको उमेरमा काठमाडौँमा निधन भएको छ ।

सिनामङ्गलस्थित केएमसी अस्पतालमा उपचारका क्रममा रानुदेवीको निधन भएको उनकी छोरी अल्पना रेग्मीले जानकारी दिइन् । शास्त्रीय संगीतमा विशेष लगाव रहेको रानुदेवीका नेपाली अघि बढ, हातमा क्रान्ति झण्डा लिई, जागे नेपाली, उठे नेपाली, जुनेली रात हजुर लगायत गीत चर्चित छन् । उनले तत्कालीन नेपाल प्रजातन्त्र रेडियोबाट ती गीतमा स्वर भर्नु भएको थियो । ती लगायत ६ गीत प्रजातन्त्र रेडियोमा रेकर्ड भएको बताइएको छ ।

ती गीतले जहानियाँ राणा शासनविरुद्ध सङ्घर्षरत् प्रजातान्त्रिक योद्धालाई आन्दोलनमा रहन उत्साह भरेको थियो । राणा शासनविरुद्धको आन्दोलनमा उनी कला र सांगीतिक मोर्चाबाट होमिएकी थिइन् । निरङ्कुशताविरुद्धको प्रजातान्त्रिक आन्दोलनमा कला र साङ्गीतिक मोर्चामा रहेर काम गरेकी अधिकारीको जन्म वि.स. १९९० मा भएको थियो । स्व. अधिकारीको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । उनका एक छोरा र दुई छोरी रहेका छन् ।

# नेपालमा ५९, भारतमा ३५०४३

**झापा, बैशाख १९।** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले थप दुई जनामा कोभिड-१९ को सङ्क्रमण भेटिएको जनाएको छ ।

टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका क्रममा रुपन्देहीका २५ र नेपालगञ्ज बाँकेका ६० वर्षीय पुरुषमा सो सङ्क्रमण देखिएको मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले जानकारी दिए । उनले ती दुवैजना स्वास्थ्यकर्मीको निगरानीमा रहेको र अवस्था सामान्य रहेको बताए । नेपालमा सङ्क्रमितको सङ्ख्या ५९ पुगेको छ भने सङ्क्रमणबाट निको भई १६ जना घर फर्किसकेका छन् ।

उता भारतमा कोविड-१९ संक्रमितको संख्या ३५ हजार ४३ पुगेको शुक्रबार जनाइएको छ । योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या १ हजार १४७ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । भारतमा एक हजार ९९३ कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन् । उक्त मन्त्रालयका अनुसार भारतभर शुक्रवार मात्र मृत्यु हुनेको संख्या ७३ जना रहेको छ । भारतमा देखिएका यी संक्रमितहरूमध्ये ८ हजार ८८८ जना भने उपचारपछि निको भएर फर्किएका छन् । मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ २५ हजार ७ कोरोनाका संक्रमित बिरामी अस्पतालमा उपचाररत् रहेका छन् ।

शुरुदेखि नै भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रूपमा रहेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । शुक्रबार पनि यो क्रम जारी नै रहेको उक्त महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या १० हजार ४९८ जना पुगेको उक्त मन्त्रालय बताएको छ । महाराष्ट्रमा

(बाँकी अन्तिम पृष्ठमा)




# कोरोना भाइरस उत्पत्ति बारे विवाद

**झापा, बैशाख १९।** अमेरिकी गुप्तचर समूहहरूले कभिड-१९ रोग निम्त्याउने कोरोना भाइरस 'मानव निर्मित' वा 'आनुवंशिक रूपमा परिवर्तन गरिएको' नभएको निक्यौंल गरेको छ । यद्यपि भाइरसको उत्पत्तिबारे उनीहरूले अझै जाँच गरिरहेका छन् ।

नेशनल इन्टेलिजेन्सका प्रमुखको कार्यालयले उक्त भाइरस जनावरको सम्पर्क वा प्रयोगशाला दुर्घटना केबाट शुरु भएको थियो भन्नेबारे निकायहरूले हेरिरहेको जनाएको छ । राष्ट्रपति डोनल्ड ट्रम्पले चीनको एउटा प्रयोगशालाबाट भाइरस निस्किएको भनेका थिए । चीनले कोभिड-१९ मानव निर्मित हो भन्ने सिद्धान्तको खारेज गरेको छ र अमेरिकी भनाइको आलोचना गरेको छ ।

'डाइरेक्टर अफ नेशनल इन्टेलिजेन्स' को कार्यालयले कोभिड-१९को उत्पत्ति प्राकृतिक हो भन्नेबारे 'वैज्ञानिकहरूको व्यापक सहमति रहेको' बताएको छ । उक्त कार्यालयले अमेरिकी गुप्तचर निकायहरूलाई हेर्छ ।

सङ्क्रमित जनावरको सम्पर्कमा आएर वा वुहानको एउटा प्रयोगशालाबाट दुर्घटना भएर यो भाइरसको उत्पत्ति भयो भन्ने सुनिश्चित गर्ने गुप्तचर निकायहरूले प्राप्त जानकारी र गुप्तचरी सूचनाका आधारमा परीक्षण गरिरहेका छन्- उसले भनेको छ । चीनको वुहान शहरमा सबैभन्दा पहिला यो भाइरस देखिएको थियो ।



संसारभरि अहिले ३२ लाखभन्दा बढीमा यो सङ्क्रमण फैलिइसकेको छ भने २ लाख ३१ हजारभन्दा बढीको मृत्यु भइसकेको छ ।

कोरोना भाइरस बारेको 'षड्यन्त्र सिद्धान्त'लाई लिएर अमेरिकी निकायहरूबाट बिहीवार पहिलो पटक यस्तो भनाइ आएको हो । त्यसले यो भाइरस मानवनिर्मित हो भन्ने सिद्धान्तको पर्दा उठाइदिएको छ । यस्तो सिद्धान्त अमेरिका र चीनमा समेत चर्चामा छ । यो भाइरसलाई कतिपयले जैविक अस्त्र समेत भनिरहेका छन् ।

प्रयोगशाला परीक्षणका क्रमणमा असावधानीवश कोरोना भाइरस मानिसको सम्पर्कमा पुगेको थियो भन्ने सिद्धान्त अहिलेसम्म प्रमाणित भने हुन सकेको छैन ।

**ट्रम्पले के भने ?**

बिहीवार ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा ट्रम्पले आफ्नो सिद्धान्तमा बढावा दिए । पत्रकार सम्मेलनमा एक संवाददाताले सोधे- अहिले आएर तपाईंले केही देख्नुभयो जसले गर्दा वुहान इन्स्टीच्युट अफ भाइरोलोजी नै यो भाइरसको उद्गमस्थल थियो भन्नेमा तपाईंको विश्वासलाई उच्च तहमा पुऱ्यायोस् ?

ट्रम्पले जबाफमा भने- हो मसँग छ र मलाई लाग्छ- विश्व स्वास्थ्य सङ्गठनलाई लाज लाग्नुपर्ने हो किनकि उनीहरू चीनको जनसम्पर्क निकायजस्ता छन् ।

चीनले गल्तीले उक्त भाइरस बनाएको वा कसैले उद्देश्यका साथ यो बनाएको हुन सक्ने उनले बताए । मलाई थाहा छैन चीनमा कति मानिसहरूलाई हिँडडुल गर्न दिइएन, तर उनीहरू अन्यत्र सबैतिर हिँडिरहेका थिए। त्यो एकदमै खराब हो । त्यो उनीहरूका लागि जवाफ दिन निकै गाह्रो प्रश्न हो- ट्रम्पले भने ।

बिहीवार न्यूयोर्क टाइम्सले ह्वाइट हाउसका वरिष्ठ अधिकारीहरूले गुप्तचर निकायलाई उक्त भाइरस वुहानको प्रयोगशालाबाट निस्केको हो वा होइन भन्नेबारे जाँच गर्न निर्देशन दिएको खबर प्रकाशित गरेको थियो । *बीबीसी*

# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# 'एकका लागि एक' अभियानको शुभारम्भ





**चारपाने, बैशाख १९।** कोरोना भाइरस (कोभिड-१९) महामारीको कारण खाद्यान्न अभाव भएर समस्यामा परेका व्यक्ति परिवारलाई खाद्य सामग्री सहयोग गर्ने कार्यक्रम अन्तरगत अघी सारिएको 'एकका लागि एक' अभियान मार्फत राहत वितरण शुभारम्भ भएको छ ।

बिर्तामोड-२ स्थित शनिवार चारपानेमा रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको निर्माणधिन भवनमा एक कार्यक्रमकाबीच कार्यक्रमका प्रमुख अतिथि झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले कुपन वितरण गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए ।

प्रमुख अतिथि रानाले कोरोना कहरको कारण देश नै लकडाउन भएपछि समग्र क्षेत्र प्रभावित बनिरहेको अवस्थामा अझ दैनिक श्रम गरेर खाने विपन्न परिवारलाई मजदुर दिवसको दिनबाट राहत वितरण गर्न शुरु गरेकोमा अभियन्ताहरु र सहयोगी दाताहरुमा धन्यवाद दिएका छन् । हजारौं परिवारलाई सहयोग गर्ने उद्देश्यले शुरु भएको अभियानले सफलता प्राप्त गर्न सकोस् धेरै धेरै परिवारका सदस्यले भोकै रहन नपरोस् भनेर गरेको यो सत्‌कर्मले सरकारलाई पनि सघाउ पुगेको बताए ।

एकका लागि एक अभियानमा १७ भन्दा बढी संघ-संस्थाहरुले ऐक्यवद्धता जनाएका छन् । सहभागी जनाउने संस्थाहरुमा सहारा नेपाल साकोस, सहारा नेपाल, नेपाल रेडक्रस सोसाइटी झापा, जेसीज पूर्व अध्यक्ष समाज झापा, राष्ट्रिय उपभोक्ता मञ्च झापा, उद्योग बाणिज्य संघ बिर्तामोड, गैरसरकारी संस्था महासंघ, वीरता जेसीज, जिल्ला उद्योग संघ झापा, लायन्स क्लव अफ सुरुङ्गा, रोटरी क्लव अफ बिर्तामोड मिडटाउन, मेची पेट्रोलियम व्यवसायी संघ, रामचोक युवा समूह लगायतका संस्थाहरु अभियानमा जोडिएका छन. ।

हरेक संस्थाले सहयोग बापतको रकम जम्मा गरेका छन्, त्यसैगरी देशबिदेशमा रहने नेपालीहरुले पनि सहयोग रकम पठाएका छन् । हाल सम्ममा १२ सय परिवारका लागि राहत जुटिसकेको बताइएको छ । सो बापत १७ लाख रुपैयाँ जम्मा भइसकेको र अरु ७ लाख सहयोगको बचन प्राप्त भएको जानकारी दिइएको छ ।

अभियानका संयोजक महेन्द्रकुमार गिरीको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रखुम कृष्णप्रसाद कोइराला, बिर्तामोड नगरपालिका वडा नं. २का अध्यक्ष नगेन्द्रप्रसाद संग्रौला, जेसीज पूर्व अध्यक्ष समाज झापाका अध्यक्ष बिनोद बस्नेत, लायन्स क्लव अफ सुरुङ्गाका संस्थापक अध्यक्ष लीला चिमरिया, रेडक्रस बिर्तामोडका सभापति सजेश शिवाकोटी लगायतको सहभागिता रहेको थियो ।

अभियानले सरकारको कुनै पनि सामाजिक भत्ता नलिएका परिवार (ज्येष्ठ नागरिक, एकल महिला, अल्पसंख्यक, अपाङ्गता, दलित, पिछडावर्ग आदि), कुनै प्रकारको पेन्सन नपाएको परिवार, परिवारको सदस्य जागिरे नभएको, घर नभएको, भए खेतीपाती नगरेको, तेस्रो मुलुकमा वैदेशिक रोजगरीमा कोही पनि नभएको परिवारलाई मात्र खाद्यान्न सहयोग गर्ने लक्ष्य लिएको अभियानका संयोजक गिरीले बताएका छन ।

कार्यक्रमको औचित्यमाथि प्रकाश ओमप्रकाश गौतम र सञ्चालन सहारा नेपाल साकोसका कोषाध्यक्ष डम्बरबहादुर देउजाले गरेका थिए ।

## नेपालमा ...

कोरोना भाइरस संक्रमणको कारण ४५९ जनाले ज्यान गुमाएका छन् ।

महाराष्ट्रपछि गुजरात यस भाइरसको संक्रमण दोस्रो स्थानमा रहेको र यहाँ ४ हजार ३९५ संक्रमित रहेका छन् । यस राज्यमा ६१३ जना उपचारपछि घर फर्किएका छन् । गुजरातमा यस भाइरसको सक्रमणको कारण २१४ जनाको ज्यान गएको छ ।

गुजरातपछि यस भाइरसको संक्रमण तेस्रो स्थानमा दिल्ली रहेको र यहाँ ३ हजार ५१५ संक्रमित रहेका छन् । यस राज्यमा १ हजार ९४ जना उपचारपछि घर फर्किएका छन् । दिल्लीमा यस भाइरसको सक्रमणको कारण ५९ जनाको ज्यान गएको छ ।

**रसियामा गत २४ घण्टामा ७ हजार ९३३ जनामा संक्रमण**

रसियामा गत २४ घण्टामा ७ हजार ९३३ जना कोरोना भाइरस सक्रमितहरु थपिएका छन् ।

यससँगै शुक्रबारसम्म रसिया कूल संक्रमितको संख्या १ लाख १४ हजार ४३१ पुगेको देशको कोरोना भाइरस परिक्षण केन्द्रले जानकारी दिएको छ । रसियामा कोरोना भाइरसको संक्रमणको कारण १ हजार १६९ को मृत्यु भएको छ । विश्वभरी ३३ लाखभन्दा बढी कोरोना भाइरस संक्रमित भएका छन्

कोरोनाभाइरसका कारण विश्वभर २ लाख ३४ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ३३ लाख १८ हजार नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार शुक्रबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ५ हजार ८०० जनाको ज्यान गएको छ । संयुक्तराज्य अमेरिकामा मात्र २४ घण्टाको अवधिमा २ हजार २०० जनाको मृत्यु भएको छ ।

**चीनका विद्यालय र कार्यालयहरुको बाहिर कोरोना परीक्षण**

चीनका विद्यालय तथा विभिन्न सरकारी कार्यालयहरुमा कोरोना भाइरसको परीक्षण गर्ने गरिएको छ ।

हरेक दिन विद्यालय जाने विद्यार्थीदेखि सरकारी तथा निजी कार्यालयमा काम गर्न जाने कर्मचारीहरुको कोरोना भाइरसको परीक्षण गरेर मात्रभित्र पस्न दिने गरिएको समाचारमा जनाइएको छ ।

हरेक दिन विद्यालय पुगेका विद्यार्थी यो परीक्षणका लागि लाम लागेर उभिएको देखिने गरेको छ । कक्षा कोठाभित्र छिर्नु अघि उनीहरुको स्वाब परीक्षण गरिन्छ । त्यसपछि उनीहरुको रिपोर्ट नेगेटिभ आएपछि मात्र कक्षा कोठाभित्र छिर्न दिने गरिएको बताइएको छ ।

त्यसैगरी विद्यालयका अतिरिक्त सरकारी तथा निजी काममा रहेका कर्मचारीहरुको पनि स्वाव परीक्षण गरेर मात्र कार्यालय भित्र जान दिने गरिएको समाचारमा जनाइएको छ ।

त्यसैगरी यहाँका नागरिकहरु एक प्रान्तबाट अर्कोमा जाने काम पर्‍यो र जान लाग्यो भने पनि जानुअघि यो परीक्षण गरेर यसको रिपोर्ट नेगेटिभ आएपछि मात्र यात्रामा निस्किने गरेको छ । एक प्रान्तबाट अर्कोमा प्रवेशका लागि पनि कोरोना भाइरस नेगेटिभ आएको स्वास्थ्य परीक्षणको प्रमाणपत्र भएपछि मात्र छिर्न पाइने नियम बनाएको बताइएको छ । यहाँका बायोटेक कम्पनीहरुले पनि कोरोना भाइरसको परीक्षणसम्बन्धी किटहरु निकै ठूलो मात्रामा उत्पादन गर्ने गरेका पनि बताइएको छ ।

यसैबीच सांघाई र बेइजिङका विद्यालयहरू गत हप्तादेखि नै खुलेका हुन् । गतहप्ता देखि यी शहरका दशौं हजार विद्यार्थी विद्यालय जान थालेका हुन् ।

# सर्वोत्कृष्ट भयो यो तस्वीर



बंगलादेशमा खाली थाल लिएर पंक्तिबद्ध भएका रोहिन्ज्या शरणार्थी बालबालिकाको तस्बिरले खाद्यसामग्री सम्बन्धी एउटा प्रमुख फोटोग्राफी पुरस्कार जितेको छ ।

केएम असदलाई सन् २०२० को 'पिङ्क लेडी फूड फोटोग्राफर' का रूपमा सम्मानित गरिएको छ । उनले बंगलादेशको कक्स बजारस्थित शरणार्थी शिविरमा यो तस्वीर खिचेका थिए ।

उक्त शिविरमा १० लाखभन्दा बढी मानिसहरू छन् । कोरोनाभाइरस महामारीका कारण उनीहरूलाई हाल लकडाउनमा राखिएको छ । यो तस्बिरले वास्तवमै हाम्रो समयबारे बताउँछ, उक्त पुरस्कार संस्थापक क्यारलाइन केन्योनले भनिन्- विश्व कोभिड-१९ बाट प्रभावित छ र हामी सबैको सामान्य जीवन अवरुद्ध छ ।

यी रोहिन्ज्या शरणार्थी बालबालिकाले हाम्रो जीवनको नाजुक अवस्थाको स्मरण गराउँछन् । बाँच्नका लागि खानेकुराको आवश्यकताले विश्वभरि हामीलाई जोड्छ । हामी सबै समान छौँ ।

प्रतियोगितामा ७० देशबाट ९,००० तस्वीर सहभागी थिए । निर्णायकमण्डलले अनलाइनमार्फत् विजेता घोषणा गरेको हो । उक्त कार्यक्रम अनलाइनबाट प्रत्यक्ष प्रशारण गरेर गरिएको थियो । यहाँ उत्कृष्ट ठहरिएका केही तस्वीर प्रस्तुत गरिएको छ ।

## विदेशबाट ...

यसअघि नै सरकारले ल्याएका कार्यक्रमलाई अझ प्रभावकारी रुपमा लैजाने पनि डा. फुयाँलले बताए । उनले भने- 'राष्ट्रिय रोजगार प्राधिकरण, यूवा स्वरोजगार कार्यक्रम लगायत यसअघि पनि थुप्रै कार्यक्रमहरु छन्, तिनलाई पनि प्रभावकारी बनाउने हो ।'

नेपालमा धेरै श्रमिक पर्यटन क्षेत्रमा कार्यरत् भए पनि अहिले यो क्षेत्र ठप्प हुँदा धेरैको रोजगारी गुमेको छ । सम्भावना पनि यही क्षेत्रमा भएकाले पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गर्न पनि आयोगले काम गरिरहेको उनको भनाइ छ ।

**जोखिमका बेला श्रम मन्त्रालय सुत्यो : आचार्य**

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियूसीसी) का अध्यक्ष पुष्कर आचार्यले कोरोनाको कारण श्रमिकहरु भोकभोकै पर्दा पनि उनीहरुको हकहितका लागि काम गर्नुपर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायले चासो नदिएको आरोप लगाए ।

'श्रमिकले चैत महिनाको तलब अझै पाएका छैनन्, बाटोमा भोकभोकै हिँडिरहेका छन्, तर यो बेला उनीहरुको सुरक्षाका लागि काम गर्नुपर्ने श्रम मन्त्रालयको भूमिका निस्क्रिय भयो, सुतेर बसेको छ' उनले भने- 'हामी आफैंले पनि सुझाव पेश गरेका थियौं, तर खै आजसम्म के गर्‍यो थाहा छैन ।'

सबै रोजगारदाता तथा उद्योगहरुले यो बेला श्रमिकलाई तलब दिन नसके पनि त्यसको जिम्मेवारी सरकारले लिनुपर्ने उनको भनाइ छ ।

तर सरकारले यो बेला श्रमिकको हकहितका लागि सरकारले पहलकदमी चाल्नु, जिम्मेवारी लिन त परको कुरा चुप लागेर बसेको भन्दै उनले आपत्ति जनाए । निजी क्षेत्रले तलब नदिनेदेखि श्रमिक कटौती गर्ने गरेको भन्दै अध्यक्ष आचार्यले सरकारले स्वदेश तथा विदेशबाट फर्कने श्रमिकको सीपलाई प्रयोग गर्नुपर्ने बताए ।

**रोजगारी गुमाएर विदेशबाट फर्कने धेरै हुन्छन्**

कोरोनाका कारण संसारभरि नै श्रमिकहरु बेरोजगार भइरहेको अवस्थामा वैदेशिक रोजगारीमा रहेका झण्डै १० लाख श्रमिक फर्कने भन्दै अध्यक्ष आचार्यले सरकारले उनीहरुका लागि अहिले नै योजना नबनाए अवस्था बिग्रने बताए ।

उनले भने- 'विदेशबाट फर्कनेको सीप र क्षमतालाई कहाँ लगाउने भनेर अहिले नसोचे भोलि रोगभन्दा भोक ठूलो भन्ने दिन आउँछ, स्थिति बिग्रन पनि सक्नेछ, यसतर्फ हामी सचेत हुनुपर्छ ।'

रेमिट्यान्सले चलेका घरघरमा अहिले कोरोनाले प्रत्यक्ष असर परेको भन्दै उनले अब सरकारले कृषिमा रोजगारी दिनुपर्ने बताए ।

**उद्योग बचे श्रमिक बच्छन् : ढकाल**

छलफलमा रोजगारदाता परिषदका सभापति चन्द्र ढकालले कोरोना भाइरसका कारण सबै उद्योगधन्दा नै बन्द हुँदा श्रमिक मात्र नभएर समग्र क्षेत्रलाई नै प्रभाव परेको भन्दै एउटा उद्योग बाँचे मात्र श्रमिक र अर्थतन्त्र बाँच्ने बताए ।

कोरोनाका कारण दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक, रेमिट्यान्स प्राप्त गरेर चल्ने परिवार, उद्योग प्रतिष्ठान र पर्यटन क्षेत्रमा सबैभन्दा धेरै असर परेको सभापति ढकालले बताए ।

कोरोना भाइरसले संसारको अर्थतन्त्रमा प्रभाव पारे पनि यसलाई आत्मनिर्भर बन्नका लागि अवसरका रुपमा प्रयोग गर्न सकिने उनको भनाइ छ ।

कतारलाई छिमेकी राष्ट्रले प्रतिबन्ध लगाउँदा उसले आफूलाई आत्मनिर्भर बनाउनका लागि गरेको कामबाट पनि सिक्न सकिने भन्दै ढकालले विदेशमा रोजगारी गुमाएर फर्कनेका लागि पनि यो स्वदेशमै आत्मनिर्भर बन्ने अवसर हुने बताए ।

तर धेरैतिरबाट लाखौं श्रमिक फर्कने आँकलन भइरहँदा उनले भने अहिले कोरोनाको कारण अत्यास लागेर नेपाल फर्कने इच्छा देखाए पनि रोजगारी गुमाउने बाहेकका श्रमिक नफर्कने दावी गरे । उनले भने- '६६ प्रतिशत फर्कने एनआरएनएको तथ्याँक छ, तर मलाई चाहिँ त्यस्तो लाग्दैन, किनभने नेपाल तत्कालका लागि केही सुरक्षित भएको कारण नेपाल फर्कन पाए हुन्थ्यो भन्ने लागेको हो, तर त्यो तत्कालको आकांक्षा मात्रै हो ।' महामारीको समस्या घट्दै जाँदा अहिले सोचेजस्तो धेरै नेपाली स्वदेश नर्फकने उनको तर्क छ ।

**कृषिलाई प्राथमिकता दिनुपर्छ**

अहिले धेरै सम्भावना कृषिमा भएकाले सरकारले अब कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्ने सभापति ढकालले बताए ।

'विदेशबाट फर्किएका वा रोजगारी गुमाएकाहरुलाई कृषि पेशामा लगाउनुपर्छ र स्थानीय वा व्यक्तिगत स्तरमै रोजगारी सिर्जना गर्नुपर्ने हुन्छ'- ढकालले भने- 'तर आधुनिक हिसाबले कृषि गरिनुपर्छ ।'

यस्तै, लकडाउनको अवस्था लम्बिएमा श्रमिकलाई तलब खुवाउन नसक्ने अवस्था रहेको भन्दै सरकारले बिस्तारै यसको विकल्प सोच्नुपर्ने उनको भनाइ छ ।



**लोपोन्मुख गिद्धः** कपिलवस्तुको पल्टा गाउँ नजिकै देखिएको लोपोन्मुख खैरौ गिद्ध । मरेको पशु चौपायाको सिनो खान गिद्ध यस क्षेत्रमा बढी आउने गरेको पाइन्छ । **तस्वीरः सनिउल्ला धोबी/रासस**

## चामल ...

वितरण गर्ने सहमति भएको लोवाले जानकारी दिइन् । अहिले फुङलिङ नगरपालिकाले ७५ क्वीन्टल, फक्ताङलुङ गाउँपालिका वडा नम्बर -६ लेलेपले ५० क्वीन्टल, मेरिङदेन गाउँपालिकाले ५० क्वीन्टल, र मिक्वाखोला गाउँपालिकाले २० क्वीन्टल जिल्ला प्रशासनबाट सिफारिस आइसकेको संस्थानकी प्रमुख लोवाले जानकारी दिइन् ।

अहिले खाद्य संस्थानले चामलमा १० प्रतिशत छुट दिएको लोवाले जानकारी दिइन् । सोना मनसुली चामल ३९ रुपैयाँ ७० पैसा र जापानी चामलको मूल्य प्रतिकिलो ४२ रुपैयाँ ३० पैसालेबिक्री वितरण हुने लोवाले जानकारी दिइन् ।




**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जगाको क्षेत्रफल ११ कठ्ठा

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

**बिर्तामोड खानेपानीको महशुल अब घरबाटै**

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आम उपभोक्ताको हितलाई ध्यान राख्दै २०७७ बैशाख १४ गते आइतवारदेखि अनलाइनबाट खानेपानीको महशुल भुक्तानी गरिने सेवा शुरु गरेको जानकारी गराउँदछौं ।

अब खानेपानीका ग्राहकले फोन पे नेटवर्क, कनेक्ट आइपियस, क्युआर कोर्ड पेमेन्ट, बालेट इन्ट्रीगेसन, ई-सेवा, खल्ती एप्स डाउनलोड गरी अनलाइनबाट खानेपानीको महशुल बुझाउन हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**

बिर्तामोड, झापा


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता

## प्रकृतिको प्रश्न



तुलसीराम खरेल

ए मानव !
तिमी नै होइन
आफूलाई सर्वशक्तिमान भन्ने ?
प्रदुषण मच्चाएर ताललाई माछाविहीन बनाउने
करेन्ट लगाएर नदीलाई लाइफलेस पार्ने
तिमी नै होइनौ शक्तिमान मानव ?
तिमीलाई जल देवताको डर लागेन त्यतिबेला ?
स-साना लेऊ र झ्याउहरू मारिँदा
दया लागेन तिमीलाई ?
अव मेरो उत्तर देऊ मानव
शुक्ष्म ईलेक्ट्रोन माइक्रोस्कोपले मात्र देख्न सकिने
अति तुक्ष भाइरस ठूलो कि तिमी ?

ठूला-ठूला तेल भण्डारमा राजनीति गरेर
बिष्फोटन गर्ने तिमी नै होइन ?
आतंककारीका नाममा लाखौँ मानिस
तिमीले नै मारेको होइन ?
न देवी देख्यौ तिमीले, न देवता
न अल्लाहको डर लाग्यो न त यशुको
न इज्जतको डर भो न त समाजको
सिङ्गै जनावर टोक्यौ तिमीले
चमेरो खायौ, भँगेरो खायौ,
गोमन सर्प खायौ, बाँदर खायौ
काँचै खायौ, जिउँदो खायौ, मरेको सीनो खायौ
गौमाता खायौ, उनको अम्रोसम्म
बाँकी राखेनौ तिमीले
लाखौँ प्राणीको अस्तित्व सदाका लागि
समाप्त पार्यौ तिमीले
त्यतिबेला तिमीले बिर्सेऊ यो धर्ती सबैको हो भनेर
तेल भण्डार प्रकृतिका उपहार भनेर
भन तिमी सर्वशक्तिमान नै हो ?
फेरि भन मानप, तिमी ठूलो कि शुक्ष्म भाइरस ?

आफ्नै पेट भर्न वनमा डढेलो लायौ
कार्वन उत्सर्जन नगर्ने भनी हजार कन्फेरेन्स गरायौ
हस्ताक्षर गर्दै फेरि तोड्दै गयौ
तिम्रो बचनमा कुनै सत्यता रहेन
चुनाव जित्न मान्छे मार्‍यौ, वन मास्यौ
विश्व बिजेता बन्न आफ्नै मातृभूमिलाई
दाउमा लायौ,
आमा मार्‍यौ, बाबु मार्यौ
दिदी-बहिनी नै बेच्यौ
पैसा धेरै कमायौ होइन ?
उत्तर देऊ मानव तिमीले कमाएको धनले
शुक्ष्म भाइरसलाई जित्न सक्छौ ?
भन मानव, तिमी ठूलो कि शुक्ष्म भाइरस ?

तिम्रो सभ्यतामा किरा परेको छ
किटाणु र बिषाणुले प्रलय गराउँदैछन्
तिमीले आउनै नदिएका, थुनेर चिडियाखानामा
बन्दी बनाएका हजारौँ जनावरहरू
तिमीले बनाएका चिल्ला बाटामा हिँड्दैछन्
तिम्रा कारहरू आफ्नै म्युजियममा छन् होइन ?
तिमी आ-आफ्नै घरहरूलाई जेल बनाउँदैछौ
थुनिएका छौ तिमीहरू जेलभित्र
चराहरू उडिरहेका छन्
एउटा गोलार्धबाट अर्कोमा
निर्वाध भ्रमण गर्दैछन् उनीहरू
ए मानव ! चलाउन सक्छौ तिम्रा बिमानहरू ?
उड्न सक्छौ चरा जस्तो ?
आफ्नै घरमा कैदी भएका ए मनुष्य !
उत्तर देऊ मानव, तिमी ठूलो कि शुक्ष्म भाइरस ?

एउटा भाइरसबारे बुझ्न नसकेर
तिम्रा बिद्वान हार खाँदैछन्
तिम्रा अस्पतालहरू
या त बन्द छन् या लासले भरिएका छन्
किरा मरेसरी मर्दैछौ मानव तिमी !
जीवनको जिजिबिषा खोज्दै
हजारौँ चिच्याइरहेछन्
वसन्त ऋतुमा चरा गीत गाउँदै छन्
जनावर रमाइ रहेका छन्
रूखहरू आफ्नै ठाउँमा अटल उभिएका छन्
तर मनुष्य तिमी निरिह बनेका छौ
तिमीमाथि कोभिड उन्नाइस नामको शुक्ष्म भाईरसले
शासन गरेको छ यतिवेला
अब भन मानव, तिमी ठूलो कि शुक्ष्म भाइरस?

- बिर्तामोड-१ झापा
tulasikharel2015@gmail.com

# भाइबहिनीहरु ! माथिल्लो कक्षा यसरी पढ्न थालौं



भुवन तामाङ

कोरोना भाइरसको संक्रमणबाट बच्न विश्वभरिकै मानव समुदाय यत्तिखेर लकडाउनको अवस्थामा छन् । सामान्य अवस्थामा जस्तो गतिशील हुन पाइरहेका छैनन् । जीवनयापनका विविध गतिविधिहरु गर्न पाइरहेका छैनन् । त्यस्तै गरी विश्वभरिका विद्यालयहरु पनि बन्द गरिएका छन् । विद्यार्थी विद्यालयहरुमा गएर पढ्न पाएका छैनन् ।

नेपालमा पनि लकडाउन शुरु भएको वैशाख ११ गते एकमहिना बितिसकेर पनि सरकारले बैशाख २५ गतेसम्मका लागि लकडाउन अवधि थप गरेको छ । लकडाउनको अवधिमा विद्यार्थी घरमै रहन बाध्य बनेका छन् । विद्यार्थी घरमा टेलिभिजनमा विभिन्न कार्यक्रम विशेष गरी बालमैत्री कार्यक्रम जस्तै, कार्टुनजन्य सिरियलहरु हेरेर समय व्यतित् गरिरहेका छन् । यस बाहेक मोबाइल या ट्र्याबमा विभिन्न गेम खेलेर पनि समय विताइरहेका छन् । घर नजिकका चउर या खेतबारीमै किन नहोस् विभिन्न खेल खेलेर समय कटाइरहेका छन् ।

यस्तो अवस्थामा विद्यार्थीको पढाइ के हुने हो ?



भन्ने चिन्ता बढेर गएको छ ? यतिखेर विद्यार्थी नयाँ अर्थात् माथिल्लो कक्षामा नयाँ किताब खोलेर रमाइलो मान्दै नयाँनयाँ पाठ पढ्दै गरेका अवस्थामा हुने थिए । तर, लकडाउनले विद्यालय सञ्चालन नहुँदा विद्यार्थीको पढाई चौपट हुने सम्भावना बढेर गएको छ ।

कतिपय विद्यालयहरुले सबै विषयका अन्तिम परीक्षा सम्पन्न गर्न भ्याए भने कतिपयका एक-दुई विषय बाँकी नै थिए । त्यसरी बाँकी हुनेहरुले अघिल्लो टर्मको नतिजाका आधारमा मूल्याङ्कन गरी रिजल्ट तयार गर्न सक्छन् । तर, सरकारले पुनः लकडाउनको अवधि बढाएको अवस्थामा रिजल्ट भए पनि विद्यालय सञ्चालन हुन पाउँदैनन् । यतिमात्र होइन कि बजार नखुल्नाले नयाँ किताबहरु किन्न पाइँदैन । लकडाउन खुले पनि यसपाली नयाँ किताब बजारमा आइपुग्न निकै समय लाग्ने देखिन्छ । किनकि लकडाउनले गर्दा प्रकाशक तथा व्यापारीहरुले पुस्तक सप्लाईको तयारी गर्न पाएका छैनन् । त्यसो भए के विद्यार्थीले नपढेरै बस्नु पर्ने हो त ? सरकार र विद्यालय सम्बद्ध संघसंगठनहरुले समेत कुनै उपयुक्त उपाय सुझाएको पाइएको छैन ।

नेपाली भनाइ नै छ नि, जहाँ इच्छा त्यहाँ उपाय । नयाँ कक्षा अर्थात माथिल्लो कक्षा पढ्न, शुरु गर्न सजिलो उपाय पनि छ । घरमै बसेर माथिल्लो कक्षाको पढाइ सजिलै शुरु गर्न सकिन्छ । पुरानै किताब भएपनि पढ्दै गर्न सकिन्छ । घरमा, छरछिमेकमा, टोलमा पक्कै पनि ती किताबहरु अवश्य छन् नै । घरमा दाजु दिदीका किताब हुन्छन् । छिमेकका दाजु दिदीहरुका किताब होलान् । नातेदार दाजु दिदीहरुका किताब हुन्छन् । ती किताबहरु जस-जसको माथिल्लो कक्षासँग मेल खान्छन् पढ्दै गर्दा हुन्छ । सबै किताब नपाइएला तर जति पाइन्छन् त्यति नै भएपनि पढ्दै गर्न सकिन्छ ।

कोर्ष चेञ्ज हुनसक्छ भन्ने प्रश्न उठ्नसक्छ तर कोर्ष सबैका सबै त चेञ्ज हुने होइनन् । चेञ्ज भएपनि सिद्धान्त उस्तै हुन् । कोर्षका स्तर र पाठ्य विषय उस्तै हुन् । केवल अघिल्लो पानाको पछिल्लो पानामा छापिँदा हुन् । एउटा पाठका कुरा अर्का पाठमा पारिएका हुँदा हुन् । एकखालको नक्सा भएको ठाउँमा अर्को प्रकारका नक्सा छापिँदा हुन् । पढाइ समय र अंक भिन्न होलान् तर समग्रमा ज्ञान र स्तर उस्तै नै हुन्छन् । त्यसैले कुनै चिन्ता नलिइकन माथिल्ला कक्षाका किताब जे-जस्ता र जति भेटिन्छन् पालोपिलो पढ्न शुरु गरे पढाइको ग्याप हुने छैन ।

त्यसैले आजैदेखि घर, छरछिमेक, टोलमा भएका माथिल्ला कक्षाका किताब खोजेर पढ्न शुरु गरिहालौँ । लकडाउन निकै लम्बिने सम्भावना छ । विद्यालय त झन् अरुभन्दा धेरै पछिमात्र खुल्ने सम्भावना छ । त्यसैले घरमै पढाइ शुरु गरिहालौँ । कोरोना भाइरस संक्रमणबाट बच्ने उपाय सामाजिक दूरी कायम राख्दै, मास्क लगाएर र हात स्यानिटाइज गर्दै माथिल्ला कक्षाका किताब अध्ययन गर्न थालौँ । नजानेका कुरा दादा दिदीहरुसँग सिक्दै, पाठ पढ्दै अभ्यासहरु पनि गर्न थालिहालौँ । साना भाइबहिनीहरुलाई पनि सिकाउँदै पढाई सुचारु गरिहालौँ ।

वल्लो घर, पल्लो घरमा या टोलमा सरहरु या मिसहरु हुनुहोला । उहाँहरुसँग सोध्दै, सिक्दै पढाइ चालू गर्न सकिन्छ । अभिभावकहरुले पनि यसमा चासो लिई नानीहरुलाई पुस्तक जोहो गरिदिनु र पढाइ शुरु गर्ने वातावरण बनाई दिनु निकै उत्तम उपाय हुनसक्छ ।

अनलाईनको कुरा सुनिदैछ तर यो प्रविधि उपयोग गर्न निकै तयारी गर्नुपर्ने हुन्छ । यस्तो तयारी लकडाउनका बेला सम्भव हुने सम्भावना कम छ । त्यसैले माथिल्ला कक्षाका किताबहरु घर, छिमेक र टोलमा खोजेर पढ्न सजिलै सकिन्छ । यही नै अहिलेको उत्तम उपाय र सजिलो विधि हुनसक्छ । विद्यार्थी भाइबहिनीहरु स्वयम्ले पनि थप मौलिक रचनात्मक तथा सिर्जनशील उपायहरु अपनाउँदै पढाइ शुरु गर्न सक्दछन् । लकडाउनको समयको अधिकतम् सदुपयोग गर्न सक्दछन् ।

## जानकी जन्मोत्सव पूजापाठमा सीमित



हिमांशु चौधरी

कोभिड-१९को जोखिमलाई ध्यान दिदैं जनकपुरको जानकी मन्दिरमा यसपटक माता जानकीको जन्मोत्सव जन्म संस्कारको विधि र पूजापाठमा मात्र सीमित गरिएको छ । जानकी मन्दिरका सहायक महन्त रामरोशन दासका अनुसार कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै उत्सवका कार्यक्रम स्थगन गरी यसपटक मन्दिरमा जन्म संस्कार विधि एवम् पूजापाठ गरी मनाइँदै छ ।

जन्मोत्सवका दिन जानकी मन्दिरमा नौ दिनसम्म बधाइ गीत, प्रवचन, दूधमति स्नान, रामायण प्रदर्शन, जानकी जन्मको विवेचना, छठिहार, गर्भगृहमा अभिषेक र जन्मोत्सव विधि, सोहर (जन्मका बेला गाइने गीत) गङ्गा आरती, दीपोत्सवलगायतका कार्यक्रममा देश-विदेशका हजारौं साधुसन्त र श्रद्धालुको सहभागितामा हर्षोल्लासपूर्वक मनाइने चलन रहेकामा यसपटक कलश स्थापना गरी दैनिक पूजापाठ मात्र भइरहेको छ ।

जानकीको वैशाख शुक्ल नवमी तिथिमा मिथिलाको पुनौरा भन्ने स्थानमा जन्म भएको जनाइएको छ । त्यसैले यस तिथिलाई जानकी नवमी पनि भनिन्छ । यस तिथिलाई मिथिलावासी धेरै महत्वपूर्ण ठान्दछन् र यस अवसरमा जनकपुरधामको जानकी मन्दिरमा मात्र होइन, सम्पूर्ण मिथिलाञ्चलमा ठाउँठाउँमा ठूलो धार्मिक मेला लाग्ने गरेकोमा यसपटक सबै कार्यक्रम स्थगन गरिएको छ ।

जानकी मिथिलाको माटोको उपज र उपलब्धि भएकाले उहाँप्रति सबै मिथिलावासी नतमस्तक हुन्छन् । यस अवसरमा हार्दिक धार्मिक भावनाको स्पष्ट प्रकटीकरण देखिन्छन् । उहाँ महिलोचित गुणबाट परिपूर्ण भएकाले आज पनि मिथिलाञ्चलका महिला उहाँको पदचिह्नको अनुशरण गरेर आफूलाई धन्य ठान्दछन् । यही भावभूमिमा मिथिला क्षेत्रमा एउटा भनाइ छ- गौरी सन भाग आओर सीता सन सोहाग ।

अर्थात् विवाहिता स्त्रीको भाग्य गौरीजस्तो र सौभाग्य जानकी जस्तो हुनु पर्दछ । विवाहित स्त्रीले जानकी नवमीका दिन व्रत गर्ने चलन पनि छ ।

# संस्कृतिका अभियन्ताहरूले नै संक्रमण जित्ने छन्



माधब कल्पित

अघि हाम्रो बाबु बाजे गोठमा बस्थे, गाईबस्तु पाल्थे । उनीहरु सधै लकडाउन र होम क्वारेन्टाइन मै बसेका रहेछन् । सामाजिक दुरी पनि कायमै रहेछ । ओल्लो डाँडा जेठाको, पल्लो डाँडामा कान्छाको । फरक- फरक गोठ थियो । आमा घरमा छोराछोरी हुर्काउने बाबु गोठमा बाछाबाछी ।

उनीहरुले पारिवारिक दुरी पनि कायमै गरेका थिए । उनीहरुलाई सेना, प्रहरी र सरकारको निगरानी चाहिन्न थियो । आफ्नो आस्था विश्वास, संस्कार संस्कृति र सत्धर्म प्रतिको बन्धनले नै वसमा राखेको रहेछ । छ महिना या बर्षमा ए पटक धरान र मानेभञ्ज्याङसम्म नुन लिनजाने सिवाय लकडाउनको उल्लंघन गर्ने साहससम्म नगर्ने बुडापाका र त्यस बेलाको समाजमा डरभन्दा बढी संस्कार र सभ्यता थियो ।

अहिलेका कामविनाका हामी लावालस्करसहित भिट्टा खेत बेचेर पिजा र बर्गर चपाउँदै गाला र केश तन्काउन कुद्छौं । दूध बेचेर जम्मा भएको २/४ पैसाले मदिराका बोतल रित्याउन शहर बजारका गौंडा-गौंडा चाहर्न भ्याउँछौ । जमाना कस्तो आयो गाँउबाट गाई बेचेर शहर पसेका हामी , शहरमा कुकुर पालेर रमाउने भयौं । प्राकृतिक मानव सभ्यता रोवर्टमा परिणत हुँदै आयो । नेतृत्वदायी भूमिका र वर्गीय सम्पन्नताले ठूलो सानो र धनीगरिव बीचको अन्तरद्वन्द्वमा समाजलाई हामीले नै रुपान्तरण गर्यौ । अरुको हित र भलाइका लागि गर्ने असल कर्म नै धर्म हो भन्ने आस्था र विश्वास बिस्तारै भुलेर जातीय विभेदको पर्खाल लगाउने कामले प्राथमिकता पाउन थाल्यो । असल कर्म र विद्धताबाट मात्रै मानिस उच्च र अज्ञानता र खराब कर्मले निचजात या बर्गको ठहर्छ । हाम्रा पूर्वीय धर्मशास्त्रले पनि यसै भनेका छन् । 'जन्मदो जायते शुद्र कर्म प्राप्नोति बाम्हण ' भन्ने मुल मानव मर्म र धर्मको सारलाई भुलेर धर्म र सभ्यतालाई राजनीतिक एजेन्डा बनाइयो । आफू भन्याङ चढ्ने परिपाटीको बिकासले समाजमा सामाजिक बिचलन ल्यायो । यसले हाम्रो संस्कार र संस्कृतिलाई नै खलल पुर्‍याउँदै लग्यो । हिजोका हरेक धर्म र संस्कार भनिएका कुराहरु प्रायः मानिसको ब्यक्तिगत स्वास्थ्यसँग जोडिएका जीवन उपयोगी बिज्ञानसम्मत कुराहरु थिए । आजका साबुन, सर्फ र सेनिटाइजरभन्दा हिजोका दिनमा अगेनुको खरानी उत्तम थियो । खरानीमा लुगा पकाउँथे । तातोपानी र खरानीमा लुगा उसिनेर धोएपछि मयल मात्र होइन कुनै पनि रोग र किटाणुको शरीरमा आक्रमण नै हुँदैन थियो । खरानीले नै भाँडाकुँडा र हातखुट्टा पनि सफा गर्दथे । यतिसम्म कि शिकारी लागेर पेट दुख्दा, जुका पर्दा, खान मन नलाग्दा समेत बेसार र खरानी पानी फुकेर खान दिए पछि निको हुन्थ्यो । घर ढुङ्गा र माटोले बनेका हुन्थे । चुलो र अगेनु अलग-अलग थियो । चुलोमा खाना र अगेनामा चिया खाजा बन्दथ्यो । प्रत्येक बिहान गाईको गोबरले घर लिपपोत गरेर मात्रै खाना बनाउने चलन थियो । मोही पारेर अगेनोमा धूप हालिन्थ्यो । यसोगर्दा घर वरपर १ किलोमिटरसम्मका किटाणु मर्दा रहेछन् भन्ने कुरा आजको बिज्ञानसम्मत पनि पाइयो ।

खाना खाँदा धोती फेरेर खान्थे । जसले गर्दा बाहिर साथीभाइ मेलापात घाँसदाउरा थलोभकारो दिसापिसाब गरेर आउँदा कपडामा लागेको फोहोर मैलो र किटाणु खानासम्म पुग्दैन थियो । खाना खाँदा पानी अचाउँदै, खाना अगाडि पातमा अलिकति खानाको अप्सानी लगाउँथे । जसको कारण खाना नजिकै भएका किटाणु भुसुना, झिंगा ब्याक्टेरिया खानाको थाल हुँदै पेटसम्म नआउन्न र खानाको माध्यमबाट आफ्नो पेटसम्म नपुगोस् आफू र आफ्नो परिवारलाई रोगबाट बचाउन सकियोस् भन्ने सभ्य संस्कारको विकास गरेको रहेछ । हरेक कार्य जानेर या नजानेर भए पनि जीवनउपयोगी, स्वस्थ्यकर र प्राकृतिक थिए । अहिले जस्तो अस्पताल र स्वास्थ्य चौकी थिएनन् । संस्कारयुक्त समाजमा रोग पनि अति न्युन थिए । ज्वरो आउँदा, टाउको दुख्दा चिरैतो उसिनेर खान्थे । कन्तमूल र झारपात खाएर नै रोगसँग लड्दै हाम्रा पुर्खाहरु सय बर्षसम्म बाँच्दथे । आज तिनै पुर्खाका सन्तान हामीले हाम्रो पूर्वीय संस्कार र संस्कृतिलाई लत्याउँदै गयौ । डीभी पर्ने र भिषा लाग्ने बितिकै आफ्नो संस्कृति र पुर्खाको परम्परा बिर्सन थाल्यौं । डिस्को र बारसँग सभ्यता साटासाट भयो । दुई ,चार शब्द अंग्रेजी बोल्ने र लेख्ने बित्तिकै हाम्रा धार्मिक ग्रन्थ र लिपिहरुलाई लत्याउँदै पाखे, यथास्थितिवादी र बाम्हणवादी भन्न थालियो । फलतः पूर्वीय संस्कार लोप हुँदै गयो । पश्चिमेली शैलीको संस्कारको अनुसरण गर्न थालियो । जुन हाम्रो लागि प्राकृतिक र जीवनउपयोगी नभएर कृतिम अस्वस्थ्यपरक देखिए ।

आमाको दूध छाडेर बाबुको घुँडा चुष्दाको परिणामले हामी दीर्घ रोगी र अल्पायुका बन्न पुग्यौं । आज रोग बिनाको मान्छे छैन । जन्मदै लुला-लंगडा, अन्धो, अपाङ्ग भएर जन्मदै छौं । हरेकका घरमा आज अन्नभन्दा बढी औषधि खानु परेको छ । कसैको तन र मनमा सुख र शान्तिको आभाष हुन सकेको छैन । हुँदा-हँदा आज एउटा अदृश्य भाईरसको भयबाट आतंकित हुँदै सिंगो मानव आफूले बनाएको सानो दिवारको चार किल्लाभित्र आफूलाई कैद गरी बस्न बाध्य छ । आज देखिएका जस्ता भाईरस हिजो पनि थिए । भोलि पनि हुने छन् । ति बाट बच्न हिजोको संस्कारतिर हामीले फर्कन सक्नु पर्छ । छुत र अछुतको पर्खाल अब जात र धर्ममा होइन रोग , फोहोर र संक्रमणसँग लगाउन सकौं । तव मात्रै हामी सभ्य र स्वस्थ्य बन्न सक्छौं । कोरोनाले विश्वमा आज विनास मात्र होइन संस्कार र संस्कृतिको पाठ पनि सिकाउँदै छ । परजीवी भएर बाँच्नेहरुलाई आत्मनिर्भरको पाठ सिकायो । अरुको पौरख र पसिनामा रमाउनेहरुलाई आफूले पनि पसिना बगाउनु पर्ने बनायो । हिरा र चाँदी फल्ने घर खेत बन्दकी राखेर डलर टिप्ने आशामा मरुभूमितिर उड्नेहरुलाई आफ्नै घरबारीमा सम्भावना खोज्न बाध्य बनायो । आफ्नो सुख र सुबिधाका लागि संसारका अरु सबै प्राणी र पंछीको बध गर्ने हामीलाई अरुको जीवन रक्षा गर्नुपर्ने सबकसमेत सिकायो । दिसा गरेर धुनसमेत लजाउँदै कागजले पुछेर हिँड्नेहरुलाई १५-१५ मिनेटमा साबुन पानी ले मिचिमिची हात धुन सिकायो ।

खानबस्न र परिवारसँग रमाउन नसकेर पैसाको पछि पछि दगुर्दै र जीवनको सर्वोपरि बस्तु नै पैसा सम्झेर हिँड्नेहरुलाई पैसा छुनसम्म डर लाग्ने बनायो । प्रकृतिसँग पौठेजोरी खेल्दै विज्ञानको आविश्कारबाट सिंगो पृथ्वीमा बिजयको अहम् बोकेका ठूला-ठूला बाद र सिद्धान्तहरुलाई घुँडा टेकेर आफ्नो हविगत सम्झने अवस्थामा पुर्‍यायो । आखिर मानिस प्रकृतिको देन हो । प्राकृतिक परिवर्तनको श्रेष्ठता होइन भन्ने कुराको स्मरण गरायो । त्यसैले अहिलेको संक्रमण र विश्व परिवेशबाट सिकेका कुराहरुलाई व्यबहारिक बनाउँदै शान्त समृद्ध र सम्मुनत समाजको निर्माण मा आध्यात्म, योग विज्ञान र भौतिकबाद सबैलाई सही ठाउँमा प्रयोग गर्दै संक्रमणबाट बाँच्न र बचाउन सके मात्र मानवले प्रकृतिको इकोसिष्टमलाई बचाउन सक्छ । अन्यथा मानवले प्रकृतिलाई नै चुनौति दिँदै जाने हो भने प्राकृतिक विपत्तिले नयाँ युगको शुरुवात गर्न सक्छ । त्यसो भयो भने हामी धेरैले त्यो युगको पहिलो दिन देख्न मुश्किल हुनेछ ।

*कल्पित क्षितिज नाट्य समूह झापाका अध्यक्ष हुन् ।*

## ७० फर्मलाई जरिवाना

**झापा, बैशाख १९।** डेढ महिनाका अवधिमा अनुचित व्यापारिक कारोवार गरेको जनाउँदै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ७० फर्मलाई जरिवाना गरेको छ ।

गत चैत १ गतेदेखि यही वैशाख १८ गतेसम्म विभागले गरेको नियमित बजार अनुगमनका क्रममा सबैभन्दा धेरै कारवाहीमा पर्नेमा खाद्य पसल रहेका छन् ।

विभागका सूचना अधिकारी रवीन्द्र आचार्यका अनुसार बजार अनुगमनका क्रममा जरिवाना गरिएका फर्ममध्ये २३ खाद्यान्न पसल छन् । मूल्य वृद्धि गर्ने, गुणस्तरहीन सामग्री उत्पादन एवम् बिक्रीवितरण गर्ने, मूल्यसूची नराख्नेलगायत उपभोक्ताको गुनासोका आधारमा विभागले अनुगमन र कारवाही गर्दै आएको छ ।

उनका अनुसार कारवाहीस्वरुप जरिवाना गरिएका फर्ममध्ये नौ सर्जिकल हाउसबाट रु. १७ लाख ४० हजार, २३ खाद्य पसलबाट रु. १४ लाख २५ हजार, पाँच औषधि पसलबाट रु. पाँच लाख ५० हजार, ६ खाद्यान्न र ग्यास पसलबाट रु. चार लाख ५५ हजार, पाँच ग्यास पसलबाट रु. ५५ हजार, ६ मासु पसलबाट रु. सात लाख, पाँच शृङ्गार पसलबाट रु. चार लाख १५ हजार, दुई मार्टबाट रु. सात लाख र अन्य पसलबाट रु. ७० लाख ६५ हजार राजश्व संकलन गरिएको छ ।

विभागले डेढ महिना अवधिमा २४५ फर्मको अनुगमन गर्दा १०९ फर्म सामान्य अवस्थामा रहेको, ६० फर्मलाई सामान्य कैफियतमा तत्काल नै सुधार गराइएको तथा सुधार गर्न निर्देशन दिइएको, ७० फर्मलाई जरिवाना गरिएको, दुई फर्मबाट परीक्षणका लागि वस्तुको नमूना लिइएको र चार फर्मलाई आवश्यक कागजात वा स्पष्टीकरण पेश गर्न बोलाएको उनले बताए । विभागले लकडाउनका कारण खाद्य तथा सर्जिकल सामग्रीलाई बढी मूल्यमा बिक्री गर्ने गरेको जनाउँदै बजार अनुगमनलाई तीव्र बनाएको छ । दैनिक दुईदेखि तीन समूहले उपभोक्ताको गुनासोलाई आधार बनाएर बजार अनुगमन गर्ने गरेका छन् ।

# लकडाउनमा ७० लाख महिला गर्भवती हुन सक्ने !

**काठमाडौं, बैशाख १९।** राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (यूएनएफपीए) ले कोभिड-१९ को महामारी विश्वव्यापी फैलिरहेको हुनाले धेरै महिलाहरु परिवार नियोजनको पहुँचबाट टाढा रहने तथा अत्याधिक मात्रामा अनिच्छित गर्भधारणको वृद्धि हुने जनाएको छ ।

यूएनएफपिएद्वारा मंगलबार जारी नयाँ प्रतिवेदनले महिलाले अनिच्छित गर्भधानको सामना गर्नुपर्ने तथा परिवार नियोजनमा समेत असमर्थ हुने जनाउँदै अगामी महिनामा लैङ्गिक हिंसा र हानिकारक अभ्यासहरुको चपेटामा पर्नसक्ने प्रक्षेपण समेत गरेको छ ।

महिलाको यौन तथा प्रजनन् स्वास्थ्यमा कार्यरत निकायका रुपमा यूएनएफपीए क्रियाशील रहेका छ । कोभिड-१९ को जोखिमका प्रभाव महिला तथा किशोरीहरुमा धेरै मात्रामा पर्ने, उनीहरुको स्वास्थ्य सुविधामा सीमितता ल्याउने, यही सीमितता कारण नियमित जाँचसमेत उनीहरुले छाड्न सक्ने र सिङ्गो स्वास्थ्य प्रणालीमासमेत ठूलो भार पर्न सक्ने प्रतिवेदनले औंल्याएको छ ।

प्रतिवेदन भन्छ- 'कोभिड-१९ का कारण विश्वव्यापी आपूर्ति व्यवस्थामा आएको अवरोधले महत्वपूर्ण गर्भ निरोधकका साधनको अभाव हुन सक्छ । महिलाहरु घरमै बस्ने हुनाले लैङ्गिक हिंसा बढ्न सक्छ । महिला तथा किशोरीमा कोभिड-१९ ले थप प्रभाव पर्ने देखाउँछ ।'

प्रतिवेदनले मध्य र कम आय भएका ११४ देशहरुका ४७ मिलियन महिला आधुनिक गर्भनिरोधकका साधनबाट वञ्चित हुन सक्ने समेत प्रक्षेपण गरेको छ । लकडाउन ६ महिना लम्बिए तथा स्वास्थ्य सेवा पाउन अवरोध कायम रहेमा ७ मिलियन अनिच्छित गर्भधारण हुने, ३१ मिलियन महिला लैङ्गिक हिंसामा घटना हुने सम्भावना औंल्याएको छ ।

'कोभिड-१९ को महामारीले गहिरो असमानता निम्याउँदै छ । लाखौं महिला तथा किशोरीहरु आफ्नो परिवार नियोजन, आफ्नो स्वास्थ्य र शरिरको सुरक्षा गर्ने क्षमता गुमाउने जोखिममा छन् । यूएनएफपीएका कार्यकारी निर्देशक डा. नातालिया कनेमको भनाइ छ । महिलाको प्रजनन् स्वास्थ्य सेवा , अधिकारहरु सुरक्षित गर्न, निरन्तर जारी राख्न, आपूर्ति वितरणलाई सहज बनाउन र संकटासन्नहरुलाई सहयोग र संरक्षण गर्न प्रतिवेदनले जनाएको छ ।

प्रतिवेदनले मध्य र कम आय भएका ११४ देशहरुका ४७ मिलियन महिला आधुनिक गर्भनिरोधकका साधनबाट वञ्चित हुन सक्ने समेत प्रक्षेपण गरेको छ । लकडाउन ६ महिना लम्बिए तथा स्वास्थ्य सेवा पाउन अवरोध कायम रहेमा ७ मिलियन अनिच्छित गर्भधारण हुने, ३१ मिलियन महिला लैङ्गिक हिंसामा घटना हुने सम्भावना औंल्याएको छ ।

साथै ३ महिनासम्म लकडाउन जारी रहेमा थप २ मिलियन महिला आधुनिक गर्भनिरोधकका साधन प्रयोग गर्न असमर्थ हुने र १५ मिलियन महिला लैङ्गिक हिंसामा घटना हुने जनाएको छ ।

कोभिड-१९ को प्रतिकार्यले बालविवाह अन्त्य र प्रयासलाई समेत बाधा पुऱ्याएको छ । सन् २०२०-२०३० को बीचमा १३ मिलियन थप बालबिवाह हुने सम्भावना प्रतिवेदनले देखाएको छ । प्रतिवेदन भन्छ -'ती बालविवाह रोक्न सकिन्थ्यो ।'

# प्रदेश १का जिल्ला अस्पतालमा पीपीई अपुग

**विराटनगर, बैशाख १९(रासस)।** प्रदेश नं. १ का जिल्ला अस्पतालहरुमा व्यक्तिगत सुरक्षा उपकरण ( पीपीई) अपुग भएको छ ।



ती जिल्लाका मेडिकल सुपरिटेन्डेन्ट (मेसु)हरुले प्रदेश नं. १का सामाजिक विकासमन्त्री जीवन घिमिरेसँग भिडियो संवादमा उक्त समस्या अवगत गराएका हुन् ।

प्रदेश सरकारबाट प्राप्त पीपीई पर्याप्त नभएको र स्थानीयस्तरबाट व्यवस्थापन भएको पीपीई सकिएको उनीहरुको गुनासो छ । जिल्लामा कोरोना सङ्क्रमितको संख्यामा वृद्धि भएको अवस्थामा पीपीईको अभावले उपचार कार्यका समस्या उत्पन्न हुने उनीहरुले बताएका छन् । उनीहरुले प्रदेश सरकारले तत्काल पिपिइको व्यवस्था गर्न माग गरेका छन् ।

मेसुहरुले अस्पतालमा आकस्मिक, फिवर क्लिनिकसँगै नियमित सेवा पनि सञ्चालनमा रहेको बताउँदै विकास समितिबाट नियुक्त भएका र करारका स्वास्थ्यकर्मीलाई प्रदेश सरकारबाट प्रोत्साहन भत्ता उपलब्ध गराउन आग्रह गरेका छन् । इलाम जिल्ला अस्पतालका मेसु डा. प्रमोद साहले पीपीईको अभावकाबीच आफूहरुले सेवा दिइरहेको बताए । उनले विदेशलगायत अन्य जिल्लाबाट आएकालाई अनिवार्य क्वारेन्टाइनमा राखिएको जानकारी दिँदै कोभिड-१९का लागि छुट्टै एम्बुलेन्सको व्यवस्था गरिएको बताए ।

पाँचथर जिल्ला अस्पतालका मेसु डा बुद्धिबहादुर थापाले पिपिइ, एन-९५ मास्क अभाव भएको चर्चा गर्दै आवश्यक जनशक्ति र बजेटको अभाव भएको सुनाए । ताप्लेजुङ अस्पतालका मेसु डा. सनि लामाले अस्पतालमा दरबन्दी कम भएको बताउँदै अन्य जिल्ला अस्पताल सरह सेवा दिए पनि दरबन्दी कम भएको गुनासो गरे । जिल्ला समन्वय समिति ताप्लेजुङका प्रमुख तथा जिल्ला अस्पताल व्यवस्थापन समितिका अध्यक्ष घनेन्द्र मादेनले कोभिड-१९ को व्यवस्थापनका लागि दैनिक काम भइरहेको बताए ।

भोजपुर जिल्ला अस्पतालका निमित्त मेसु डा. पवित्रा श्रेष्ठले जिल्लामा आरडीटी किटको अभाव भएको गुनासो गर्दै पीपीई आफैं व्यवस्थापन गरेर काम चलाइरहेको बताइन् । उनले जिल्लामा सङ्क्रमित बढेमा पीपीई अभाव हुने जानकारी दिइन् । सोलुखुम्वु जिल्ला अस्पतालका निमित्त मेसु सोनु शेर्पाले अस्पतालमा एम्बुलेन्स नहुँदा बिरामीलाई उपचारका लागि ल्याउन र लैजान समस्या भएको बताउँदै अस्पतालमा सवारी साधन व्यवस्थाका लागि आग्रह गरे ।

ओखलढुङ्गा र धनकुटा जिल्ला अस्पतालका मेसु डा. सन्तोष देव र पुजन विश्वकर्माले पीपीई र एन-९५ मास्कको अभाव रहेको गुनासो गर्दै सबै स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्न माग गरे । सुनसरी जिल्ला अस्पतालका मेसु डा. सन्तोष राईले अस्पतालले नियमित रूपमा थ्रोट स्वाब सङ्कलन, फिवर क्लिनिक र मोबाइल क्लिनिक सञ्चालन गरिरहेको तर पिपिइ अभाव रहेको बताए । मेची अस्पतालका मेसु पिताम्वर ठाकुरले आइसोलेसनमा रहेका बिरामीका लागि खाना खर्चको समस्या रहेको गुनासो गरे ।

**जनप्रतिधिले पीपीई लगाएर हिंड्दा समस्या**

सामाजिक विकासमन्त्री घिमिरेले प्रदेश सरकार र स्थानीय तहबाट उपलब्ध भएको पीपीई वितरण भइसकेको जानकारी दिँदै शङ्कास्पद बिरामी वृद्धि भएमा पीपीईको कुनै अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे । उनले प्रदेश सरकारले पठाएको पीपीईको सही सदुपयोग नभएको गुनासो व्यक्त गर्दै स्वास्थ्यकर्मीभन्दा जनप्रतिधिले पीपीई लगाएर हिँड्दा समस्या उत्पन्न भएको बताए ।

मन्त्री घिमिरेले पीपीईको अभाव जिल्लामा मात्रै नभएर प्रदेश र केन्द्रमा पनि रहेको चर्चा गर्दै शक्तिशाली देशमा पनि पिपिइ अभाव रहेको बताए । प्रदेश सरकारले पीपीई न्यूनतम् रूपमा व्यवस्थापन गरेको छ भन्दै कसले कस्तो पीपीई लगाउने भनेर नबुझ्दा पनि समस्या उत्पन्न भएको उनले बताए ।

कोरोनाको त्रासकाबीचमा पनि अस्पतालले अत्यावश्यकीय सेवासँगै नियमित सेवा र फिवर क्लिनिक सञ्चालन गरेकामा धन्यवाद दिँदै शुरुआतका दिनमा कोरोनाको आतङ्क स्वास्थ्यकर्मीमा देखिए पनि अहिले त्यो त्रास हटेर गएको अनुभव उनले सुनाए ।

सामाजिक विकास मन्त्रालयका सचिव रविलाल पन्थले कर्मचारी, स्वास्थ्य सामग्री अभावका विषयमा ध्यानाकर्षण भएको बताउँदै थप जनशक्ति तत्काल व्यवस्थापन गर्न आवश्यक भएको जानकारी दिए ।

हालसम्म प्रदेश नं. १मा आरडीटी र पीसीआर प्रविधिबाट छ हजार ३७७ जनाको कोरोना भाइरसको परीक्षण भएको छ । परीक्षण गरिएकामध्येमा पाँच हजार ७६ जनाको रिपोर्ट नेगेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना कक्षले जनाएको छ । कोरोना सङ्क्रमित ३१ जना केही दिनदेखि यथावत रहेको बताइएको छ ।

कक्षका अनुसार ल्याबमा स्वाब लगेर गरिने परीक्षण (पीसीआर) बाट एक हजार २८८ मा कोरोना भए/नभएको परीक्षण भएको छ । प्रदेश सरकारले निर्माण गरेका क्वारेन्टाइनस्थलमा बस्नेको सङ्ख्या बिहीबारसम्म कूल दुई हजार ३३७ पुगेको छ भने ३० डिस्चार्ज भएका छन् ।

आइसोलेसनमा स्वास्थ्यकर्मीको निगरानीमा ३९ जना छन् । होम क्वारेन्टाइनमा जम्मा छ हजार १९९ बसिरहेको मुख्यमन्त्री शेरधन राईका प्रेस सल्लाहकार ध्रुव सुवेदीले जानकारी दिए ।

**अन्तर्राष्ट्रिय समाचार**

## बच्चाको मन भुलाउन आमाले ढुंगा पकाएपछि..



मान्छेले ढुङ्गा पकाएको बारेमा हामीले कथामा सुन्दै आएका थियौं तर केन्यामा भने वास्तविक जीवनमै यस्तो घटना घटेको छ ।

कोरोना भाइरस (कोभिड १९) सङ्कटका कारण केन्यामा गरिबीसँग जुधिरहेकी एक महिलाले बच्चाको मन भुलाउनका लागि ढुङ्गा पकाएको नाटक गर्नुपरेको छ ।

आठ बच्चाकी ती महिलाको नाम पेनिना बहाती कित्साओ हो । पेनिना निरक्षर र विधवा छिन् । उनी मानिसहरुको कपडा धोएर आफ्नो र बच्चाको गुजारा गर्थिन् तर कोरोना भाइरस सङ्कमण फैलिएपछि उनको काम ठप्प भएको छ । पेनिनाको लागि गरिबी र मुस्किल यति बढेको छ कि अहिले आफ्ना बच्चालाई खुवाउन केही पनि छैन । यस कारण उनले बच्चाहरुलाई भुलाउनको लागि ढुङ्गा पकाउन थालिन् । केही पाकेको देखेपछि बच्चाहरु पर्खाइमा सुत्ने पेनिना सोच्छिन् ।

उनकी एक जना छिमेकीले बच्चाहरु रोएको आवाज सुनेपछि के भएछ भनेर त्यहाँ पुगेकी थिइन् । एक जना छिमेकीले भिडियो नै बनाएर सामाजिक सञ्जालमा यसबारेमा बताएकी छिन् । पेनिनाको कहानी सुनेर मानिसहरुले उनका लागि रकम जम्मा गरे र पूरै केन्याबाट फोन आउन थाल्यो । पेनिनाकी एक जना छिमेकीले उनको बैंकमा एकाउन्ट खोलिदिइन्, जसको माध्यमबाट पेनिनाले रकम प्राप्त गरिन् ।

केन्याका मानिसहरु यति दयालु हुन्छन् भनेर नसोचेको पेनिना बताउँछिन् । उनी यो सबै 'एक चमत्कार' मान्छिन् । उनले भनिन्- 'म ढुङ्गा पकाएर उनीहरुलाई भुलाउने प्रयास गर्दैछु भनेर बच्चाहरुलाई थाह थियो । तर मसँग योबाहेक अरु विकल्प थिएन ।' केन्यामा तीन सय ९५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएकोमा १९ जनाको ज्यान गएको छ ।

## तरकारी लिन निस्केका युवक, दुलहीसहित फर्किए घर



लकडाउनका बेला एक व्यक्ति तरकारी र खाद्यवस्तु लिन घरबाट बाहिर निस्किएका थिए । उनी घर फर्किंदा आफूसँगै दुलही पनि ल्याए । यो अचम्मको विवाह भारतको उत्तर प्रदेशको गाजियाबाद जिल्लाको हो ।

लकडाउनमा अचानक दुलही घरमा भित्रिँदा युवककी आमाको होश उड्यो । वास्तवमा, उनका छोराले आफ्नी प्रेमिकालाई श्रीमती बनाएर ल्याएका थिए । रिसाएका युवककी आमाले दुलहीलाई आफ्नो घरमा प्रवेश गर्न दिइनन् । त्यसपछि यो पूराघटना पुलिस थाना पुग्यो ।

दुलहीको पहिरन लगाएक युवती र उनीसँग एक युवा थानामा उपस्थित थिए । त्यहाँ युवककी आमा आइन् र लकडाउन उल्लंघन गर्ने छोरालाई घरभित्र प्रवेश हुन नदिने बताइन् । भारतीय मिडिया आजतकका अनुसार थानामा युवतीकी आमाले चिच्याउँदै भनिन्- 'छोरा खाद्य सामग्री लिन गएको थियो र केटी विवाह गरेर ल्यायो । यी दुईले विवाह गरेको कुनै प्रमाण छैन ।' युवकलाई प्रहरीले सोध्दा आफूहरुले मन्दिरमा विवाह गरेको बताए । युवककी आमा राजी नभएपछि पुलिसले दुलहा-दुलहीलाई छुट्टै भाडामा बस्न सल्लाह दिए ।


**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**हिजोको सूनचाँदीको भाऊ**

छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका आफन्तहरू नजिकिन सक्छन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रमाइलो जमघटकाबीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । साँझतिर लेखन तथा सिर्जनात्मक काममा रुची बढ्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुनेछ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । खर्च लागे पनि लामो यात्रा सम्भावना छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । साँझतिर आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आम्दानीका स्रोत सबल देखिए पनि परिस्थितिवश खर्च बढ्नेछ । नपुग रकम कर्जामार्फत जुटाउनुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ । व्यापार बढे पनि लाभांश कमजोर हुने देखिन्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** साँझतिर फजुल खर्च बढ्नाले चिताएको कामलाई रकम अभाव हुनेछ । केही खर्च लागे पनि देशविदेश घुम्ने अवसर भने प्राप्त हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व हातलागी हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** साँझतिर श्रमको उचित मूल्यांकन हुनेछ भने प्रतीक्षा गरिएको काम बन्न सक्छ। व्यापारमा प्रशस्त फाइदा हुनेछ ।